स्थानीय सरकार

# रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

परासी, नवलपरासी (ब.सु.प.)

लुम्बिनी प्रदेश, नेपाल

च. नं. ११४८

प. सं. २०८१/०८२

मिति: २०८१/०७/१४

ने.सं. ११४४ कौलागा, १३ बुधवार

श्री जो जससँग सम्बन्धित छ ।

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धीं सूचना ।

प्रस्तुत विषयमा नवलपरासी (ब.सु.प.) जिल्ला रामग्राम नगरपालिका अन्तर्गत श्री राजेश्वरी आधारभूत विद्यालय, रामग्राम-१०, नदवामा मिति २०८१/०७/२३ गते देखि रिक्त हुने प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको मिति २०८१/०७/११ को च.नं. १२ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

०७/१४

सुन्दर खनाल

शिक्षा अधिकृत

सुन्दर खनाल

शिक्षा अधिकृत छैठौं

पुनश्चः-

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना rajes.pravid@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघि वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

बोधार्थः-

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, नवलपरासी (ब.सु.प.),

२. श्री राजेश्वरी आधारभूत विद्यालय, रामग्राम-१०, नदवा

३. श्री सूचना प्रविधि शाखा (कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गरिदिनुहुन)

Scanned with CamScanner